# पशुपंछी विकास मन्त्रालय

मन्त्रालय र मातहतका समेत १३५ कार्यालयको यो वर्ष विनियोजन  रु.४ अर्व ५२ करोड २५ लाख, राजस्व रु.५ करोड ८८ लाख, धरौटी रु.५ करोड ८० लाख र अन्य कारोबारतर्फ रु.९ करोड २ लाखसमेत रु.४ अर्व ७२ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । मन्त्रालयमातहतका अन्य सस्था ३ को रु.२ अर्व ४६ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।सो  कारोवारको लेखापरीक्षणवाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** पशुपंछी खरिद, गोठ खोर सुधार, डेरी फार्म सुधारलगायतका कार्य गर्न व्यवसायिक कृषकलाई नगद तथा औजार उपकरण अनुदान उपलब्ध गराएकोमा सो को उपयोगिता सम्बन्धमा प्रभावकारी अनुगमन नगरेको तथा घाँसको विउ तथा विरुवा वितरण गर्दा मापदण्ड तयार नगरेको, जग्गाको क्षेत्रफल यकिन नगरी वितरण गरेको व्यहोरा विगतका प्रतिवेदनमा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतको व्यहोराको पुनारावृति नहुने व्यवस्था गर्नु पर्दछ ।

२. **आयोजना संचालनः** उच्च पहाडी कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना एसियाली विकास बैङ्कको अनुदान सहयोगमा २०६८ असार देखि २०७५ असोजसम्म कार्यान्वयन गर्न सम्झौता भएको छ । आयोजनाको कार्यक्षेत्र उच्च पहाडका १० जिल्ला रहेका छन् । आयोजनको कुल लागत रु.२ अर्ब ८७ करोड रहेकोमा हालसम्म रु.१ अर्ब ४६ करोड १३ लाख खर्च गरेको छ । आयोजना सञ्चालन सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन्

२.१ आयोजनाले हालसम्म परामर्श सेवामा रु ३३ करोड ६७ लाख ३१ हजार (२३.०४ प्रतिशत), मेसिनरी औजार उपकरण, सवारीसाधन र भवन निर्माणमा रु ४५ करोड ५६ लाख ७२ हजार (३१.१८ प्रतिशत) खर्च गरेको छ भने  कृषि तथा पशुजन्य वस्तु र जडीबुटी उत्पादन प्रशोधन तथा बजारीकरण गर्ने कार्यकालागि सञ्चालित उपआयोजनहरुमा रु.४५ करोड ८९ लाख ९८ हजार (३१.४१ प्रतिशत) खर्च गरेको छ । जीविकोपार्जन सुधार गर्न अनुत्पादक खर्चमा नियन्त्रण गरी कृषि तथा पशुपंक्षीजन्य व्यवसाय सञ्चालनमा जोड दिनुपर्दछ ।

२.२ आयोजनाले कृषि र पशुजन्य वस्तु तथा जडीबुटी उत्पादन, प्रशोधन र बजारीकरण गर्ने कार्यको लागि सन २०१३ देखि २०१६ सम्म ६१५ उपआयोजना छनौट गरी पूर्वाधार निर्माण गर्न आयोजनाको तर्फबाट रु.८० करोड ३० लाख अनुदान दिने गरी कुल रु.१ अर्ब १० करोड ४ लाखको सम्झौता गरेको छ । हालसम्म ३६७ उप आयोजनालाई रु.४५ करोड ४० लाख ३३ हजार (५६.५४ प्रतिशत) अनुदान उपलब्ध गराएको मध्ये ६५ उपआयोजनासँग सन् २०१५ सम्म कार्यसम्पन्न गर्ने गरी रु.१२ करोड ४० लाख ९८ हजार अनुदान दिने उल्लेख भएअनुसार हालसम्म रु.५ करोड ९७ लाख (४८.१२ प्रतिशत) अनुदान दिएको छ । ती उपअयोजनाको निर्माण अवधि समाप्त भैसकेको अवस्थामा हाल संञ्चालनमा भए नभएकोबारे अनुगमन गरी प्रतिवेदन गरेको छैन । उपअयोजनको अनुगमन गरी  कार्य नगर्ने व्यवसायीबाट रकम फिर्ता गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

## संगठित संस्था

### दुग्ध विकास संस्थान (२०७१।७२)

३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** संस्थानको यो वर्ष कोष रु.७३ करोड, सञ्चित नोक्सान रु.४७ करोड ३६ लाख, स्थिर सम्पत्ति रु.३४ करोड ४५ लाख, निर्माणाधीन सम्पत्ति रु.५८ लाख, लगानी रु.२ करोड ७० लाख, खुद चालु सम्पत्ति ऋणात्मक रु.१२ करोड ८ लाखरहेको छ । संस्थाको नेटवर्थ रु.२५ करोड ६५ लाख पुगेको छ । गत वर्षसम्म सञ्चित नोक्सान रु.५१ करोड ४६ लाख रहेकोमा यस वर्ष रु.४ करोड २८ लाख खुद नाफा र गत वर्षको आयकर समायोजन रु.१७ लाख समेत गरी वर्षान्तमा सञ्चित नोक्सान रु.४७ करोड ३६ लाख रहेको छ ।

४. **आन्तरिक नियन्त्रण व्यवस्था -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१. दोलखा दुग्ध उद्योग लिमिटेडको शेयर पुँजी रु.२ करोड ५० लाखको ५१ प्रतिशतले हुने शेयर रकम रु.१ करोड २७ लाख ५० हजार संस्थानबाट शेयर लगानी गर्ने सञ्चालक समितिको बैठकबाट निर्णय भएकोमा उक्त उद्योगले विगतमा लिएको ऋण रु.१६ लाख संस्थानले भुक्तानी गरिदिएको तथा यस आर्थिक वर्षमा थप शेयरबापत रु.३४ लाख गरी कुल रु.५० लाख शेयरबापत भुक्तानी गरेको पाइयो । संस्थानको उक्त उद्योगमा शेयरबापत जम्मा गर्न बाँकी रु ७७ लाख ५० हजार आकस्मिक दायित्व रहेको देखिन्छ । संस्थाले दायित्व भुक्तानकिो समुचित योजना बनाएको छैन ।

४.२. संस्थानले अवकाश कोषमा उपदान व्यवस्था गरेको रकम प्रत्येक कर्मचारीको खाता खोलेर जम्मा गर्नुपर्नेमा त्यसो गरेको छैन । संस्थानले उपदान वापत व्यवस्था गरेको रु.७६ करोड ४४ लाखमध्ये रु.८ करोड ६५ लाख (११ प्रतिशत) नागरिक लगानी कोषमा रहेको अवकाश कोष खातामा मौज्दात रहेको देखिन्छ । संस्थानको सञ्चित नोक्सान रु.४७ करोड ३५ लाखभन्दा बढी भएको र आधाभन्दा बढी कर्मचारीहरुको सेवा अवधी २० वर्ष पुगेको देखिएकोले कर्मचारीहरु अवकाश हुँदाको लागि रकम व्यवस्थापन गर्न आवश्यक उपाय अवलम्वन गर्नुपर्दछ ।

संस्थानले सञ्चित बिदाबापत रु.१८ करोड ७१ लाख व्यवस्था गरेको छ । सो व्यवस्थाको रकम प्रत्येक कर्मचारीको खाता खोलेर स्वीकृत अवकाश कोष खातामा राख्नुपर्नेमा राखेको छैन ।

४.३. संस्थानको एक आयोजनाले अर्को आयोजनालाई हस्तान्तरण गरी पठाएका दुग्ध पदार्थ अर्को आयोजनाले घटी आम्दानी देखाएको अवस्थामा संस्थानको सञ्चालक समितिको निर्णयअनुसार नोक्सान पारेका सामानको जिम्मेवारी आयोजना प्रमुखको हुने उल्लेख छ । निकासी र प्राप्ति हिसाबको खुलासाबमोजिम धनगढीले नेपालगन्ज पठाएको फरक रु.५ लाख ९५ हजार, जनकपुरले विराटनगरलाई पठाएको फरक रु.५ लाख ७ हजार, हेटौँडाले काठमाडौँलाई पठाएको फरक रु.३१ लाख ५७ हजार, विराटनगरले काठमाडौँलाई पठाएको फरक रु.९ लाख १५ हजार र लुम्बिनीले सुजल डेरीलाई पठाएको फरक रु.८ लाख २० हजार देखिएको छ । नोक्सान गरेको जिम्मेवारी आयोजना प्रमुख हुने उल्लेख भएबमोजिम घटीदेखाएको रकम छानबिन गरी असुलउपर गर्नुपर्ने देखिन्छ ।

४.४. पोलिथिन फिल्म खरिद गर्ने सम्बन्धमा संस्थान र आपूर्तक कम्पनीबीच भएको सम्झौताअनुसार १ के.जी पोलिथिन फिल्मबाट न्यूनतम ३८८ पाकेटमा दूध भरिने र २ प्रतिशतभन्दा बढी क्षती नहुने गुणस्तर प्रमाणित भएको पोलिथिन फिल्म खरिद गरेको छ । दही भर्ने पोलिथिनबाट प्रति के.जी. ३०० पाकेट तयार हुनुपर्ने उल्लेख छ । सोही आधारमा दूध तथा दही प्याकेट बन्नुपर्नेमा संस्थानका आयोजनाहरुमा प्याकिङ्ग सामान रु.१ करोड ७ लाख १८ हजार बराबरको बढी खपत भएको पाइयो । नर्म्सभन्दा बढी खर्च देखिएकोमा सम्बन्धितलाई जिम्मेवार बनाउँनुपर्दछ ।

४.५. बैङ्क ग्यारेन्टी बराबरको सामान वितरकलाई उपलब्ध गराउनुपर्नेमा काठमाडौँ दुग्ध वितरण आयोजना, दूग्ध पदार्थ किक्री वितरण आयोजना, जनकपुर दुग्ध वितरण आयोजनाले बैङ्क ग्यारेन्टी रु.२ लाखमात्र लिई रु.२७ लाख बराबरको दूध तथा दुग्धपदार्थ उधारोमा बिक्री गरेको पाइयो । संस्थानले बैङ्क ग्यारेण्टीभन्दा बढी रकम उधारोमा दिन नहुने देखिन्छ । नर्म्सको पालना नगरेकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.६. काठमाडौँ दुग्ध वितरण आयोजनाले विराटनगर आयोजनालाई रु.३९ लाख ७२ हजार बराबरको गाडी मर्मत सामग्री निकासा गरी पठाएकोमा रु.२ लाख ३१ हजार बराबरको सामग्री आयोजनामा फिर्ता प्राप्त गरेकोमा जनरल स्टोरमा आम्दानी बाँधिएको पाइएन । उक्त रकमको रिभर्स इन्ट्री गरी रु.४ लाख ७५ हजार बराबरको मर्मत खर्च लेखी विराटनगर आयोजनाको हिसाब मिलान गरिएको पाइयो । यसरी अन्तर आयोजना हिसाब मिलान गर्दा रकमको साथ साथै परिमाणको पनि सही लेखाङ्कन गर्नुपर्ने हुन्छ । स्टोर परिमाणको खर्च तथा आम्दानी नभिडेकोले थप छानबिन गरी सम्बन्धित व्यक्तिबाट रु.४ लाख ७५ हजार असुल गर्नुपर्ने देखिन्छ ।

४.७. आर्थिक प्रशासन सम्बन्धी विनियमावलीको विनियम १५(२) बमोजिम संस्थानले जुनसुकै स्रोतबाट प्राप्त भएको नगद प्राप्त भएकै दिन अथवा भोलिपल्ट मूल कोष खातामा दाखिला गर्नुपर्दछ । दूध तथा दुग्ध पदार्थ वितवरणमा लाङटाङ चिज उत्पादन केन्द्रबाट बिक्रीबापत प्राप्त रकम समयमा नै बैङ्क दाखिला भएको देखिएन । त्यसैगरी २०७१ साल कार्तिक महिनादेखि चैत्रमहिनासम्म लगातार रु.१० लाखभन्दा बढी राजस्व

बैङ्क दाखिला नभई केन्द्रमा रहेको देखिन्छ । उक्त केन्द्रबाट २०७२ आषाढ मसान्तमा रु.२९ लाख २२ हजार बैङ्क खातामा जम्मा नभएको देखिन्छ । जवाफदेहिता वहन नगर्ने उपर कारबाही हुनुपर्दछ ।

५. **सोझै खरिद -**यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१. संस्थानको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ को विनियम ४६ मा एक पटकमा रु.१ लाख ५० हजारसम्मको सोझै खरिद गर्नसक्ने, रु.१० लाखसम्मको सिलबन्दी दरभाउपत्र तथा रु.१० लाख माथिको जतिसुकै रुपैयाँको भएपनि बोलपत्र वा घटाघटबाट खरिद गर्न सक्ने व्यवस्था छ । सो व्यवस्थाको पालना नगरी काठमाडौं दुग्ध वितरण आयोजनाले कोल्ड स्टोर खर्च रु.१० लाखभन्दा बढी, जनकपुर दुग्ध वितरण आयोजनाले रु.२० लाख ८२ हजार बराबरको काठ र रु.२० लाखको चिनी, नेपाललगन्ज दुग्ध वितरण आयोजनाले रु.११ लाखको दाउरा र हेटौंडा दुग्ध वितरण आयोजनाले तीन पटकमा रु.१७ लाख ३४ हजारको मोबिल तथा लुब्रिकेन्ट्स सोझै खरिद गरिएको देखिन्छ ।

५.२. काठमाडौं दुग्ध वितरण आयोजनामा गत आर्थीक वर्षमा रु.२ करोड ९ लाखको मखन मौज्दात रहेकोमा यस वर्ष रु.२५ करोड ४५ लाख को अन्तिम मौज्दात रहेको छ । मौज्दातको तुलनात्मक अध्ययन गर्दा गत वर्षभन्दा रु.२३ करोड ३७ लाख (१ हजार १२० प्रतिशत बढी) रकमको मौज्दात अत्याधिक रहेको देखियो । वर्षमा मख्खनर एसएमपी अफ बटर आयलको प्रयोग क्रमशः २ लाख ३७ हजार के.जी. र १ लाख ९५ हजार के.जी. भएकोमा मौजात ६ लाख ४१ हजार के.जी. र ८ लाख ६३ हजार के.जी. राखेको पाइयो । मख्खन र एसएमपी अफ बटर आयल गरी २० टन अति आवश्यक परेको भनी २०७१।४।७ सोझै खरिद गरेकोले मौज्दात बढी देखिएको हो । यसरी आवश्यकताको पहिचान नगरी बढी मख्खन तथा बटर आयल खरिद गरी मौज्दातमा राख्दा संस्थानको चालु पुँजीमा नकारात्मक असर पर्ने, भण्डार व्यवस्थापन खर्च बढ्ने र सामानको गुणस्तरमा ह्रास आई कुल पुँजीमा नै नोक्सानी पुग्न सक्दछ । यस्तो कार्य कानुनसम्मत र औचित्यपूर्ण देखिएन ।

५.३. काठमाडौं दुग्ध वितरण आयोजना, स्किम मिल्क पाउडर गत वर्षको मौज्दात रु.१ करोड ६६ लाख रहेकोमा गत वर्षको बोलपत्र रेटमा २५ मेट्रिकटन सोझै खरिद गरी रु.१७ करोड ७१ लाख अन्तिम मौज्दात (गत वर्षभन्दा ९६५ प्रतिशत बढी) रहन गएको छ । आवश्यकताको पहिचान नगरी बढी एस.एम.पी. खरिद गरी मौज्दातमा राख्नाले बाहिरबाट बढी मोलमा खरिद गरी स्टोर मौज्दात बढ्ने अवस्था सिर्जना भई कम मोलमा बिक्री गनुपर्ने अवस्था सिर्जना हुन सक्ने, संस्थानको चालु पुँजीमा नकारात्मक असर पर्ने र भण्डार व्यवस्थापन खर्च बढ्ने तथा गुणस्तरमा कमी आई कुल पुँजीमा नै नकारात्मक असर पर्न सक्ने देखिन्छ । यसरी खरिद गर्नु कानुनसम्मत र औचित्यपूर्ण देखिएन ।

५.४. दूध खरिदमा घृतांश, एस.एन.एफ र टी.एस.को मूल्यसहित खरिद गरेको देखिन्छ । त्यसैले मापदण्डभन्दा बढी क्षति चिलिङ सेन्टर प्रमुखहरुबाट असुलउपर गर्दा कम्तीमा परल मूल्य (घृतांश, एस.एन.एफ र टी.एस को जोडफल) बराबर असुलउपर गर्नुपर्दछ । विभिन्न आयोजनाको २०७१।७२ मा दूध सङ्कलनतर्फ नर्म्सभन्दा बढी क्षति घृतांश र एस.एन.एफ. बराबरको रकम मात्र असुलउपर गरेको पाईयो । यसरी विभिन्न आयोजनाबाट संस्थानलाई प्रत्यक्ष घाटा परेको टी.एस. बराबरको रकम रु.६ लाख ५० हजार संम्बन्धित चिलिङ सेन्टर प्रमुखहरुबाट असुलउपर गर्नुपर्ने देखिन्छ ।

६. **राजस्व दाखिला -** आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ को विनियम १५(२) बमोजिम काठमाडौँ दुग्ध वितरण आयोजनाले जम्मा भएको राजस्व रकमलाई लेखाङ्कन नगरी मूल कोष खातामा जम्मा नगरी एक बैङ्कलाई आसामी देखाउने गरेको पाइयो । आयोजनाले एक बैङ्क लिमिटेडमा २०७० साल पौष महिनादेखिको बिक्री रु.७ लाख ५२ हजार तथा ब्याज आम्दानी रु.४ लाख ४१ हजार लेखाङ्कन गरेकोमा बिक्री राजस्वबाट प्राप्त रकम सो संस्थानको मूल कोष खातामा जम्मा नगरी सोही खाताबाट खर्च गर्ने गरेको पाइयो । यसलाई न्यूनीकरण गर्नको लागि जुन वर्षको व्यापार हो, सोलाई सोही वर्षको लेखामा हिसाब राख्नु र आवधिक रुपमा बैङ्क हिसाब मिलान स्टेटमेन्ट तयार गरी हिसाब चुस्त दुरुस्त राख्नुपर्ने देखिन्छ ।

७. **मुद्दती रकम -** संस्थानको एक वाणिज्य बैङ्कमा रहेका ३ मुद्दती खातामा रु.२ करोड २६ लाख मौज्दात रहेकोमा ती खाताहरुको म्याद २०६५ भाद्र १६ मा सकिए पनि हालसम्म नवीकरण गरिएको छैन । सो

मुद्दतीको रसिद पनि संस्थानमा नराखी बैङ्कलाई नै बुझाएको जानकारी हुन आयो । त्यस सम्बन्धमा छानबिन गरी दोषीलाई आवश्यक कारबाही गरी साँवा र ब्याज फिर्ता प्राप्त गर्नुपर्ने देखियो ।

८. **लगानी -** विगत वर्षहरुदेखि एक मिल्क लिमिटेडमा रु.२ करोड र कृषि सामग्री कम्पनी लिमिटेडमा रु.२० लाख २ हजार शेयर लगानी गरेकोमा मिल्क लिमिटेडबाट शेयर प्रमाणपत्र प्राप्त गरेको देखिँदैन । संस्थानले उक्त लगानीबाट हालसम्म लाभांश प्राप्त गरेको पनि देखिएन ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थितिदेहायअनुसार छ ।

  - सरकारी कार्यालयतर्फ ६१ निकायमा रु.२१ करोड ५८ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ३३ लाख १३ हजार फछ्र्यौंट गरी रु.१९ करोड २५ लाख ४६ हजार बाँकी रहेको छ। सोमध्ये रु.६ करोड २४ लाख ७४ हजार पेश्की बाँकी रहेको छ ।

  - संगठित संस्था, अन्य संस्था समिति १ तर्फ रु.३५ लाख ७३ हजार बेरुजू देखिएकोमा फछ्र्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये रु लाख हजार पेश्की बाँकी रहेको छ।